आज मिति २०८२।०६।२३ गते विहीवारका दिन विहानको ८:०० वजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को तेस्रो बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | [signature] |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | [signature] |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | [signature] |
| ४ | प्रेम वहादुर थापामगर | वडा अध्यक्ष | [signature] |
| ५ | ~~सीताराम पुलामी मगर~~ अमृत मान गुरुवाचार्य | का.वा. वडा अध्यक्ष (वडा सदस्य) | [signature] |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | [signature] |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | [signature] |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | [signature] |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सलस्य | [signature] |
| ११ | मिना राई | कार्यपालिका सदस्य | [signature] |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | [signature] |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | [signature] |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

अन्य उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | रामचन्द्र लामिछाने | वरिष्ठ शाखा अधिकृत | |
| २ | उपेन्द्र प्याकुरेल | सुचना प्रविधि अधिकृत | |
| ३ | ओमराम लामिछाने | अधिकृत | |

मिति २०८२ साल असोज २३ गते विहीबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को तेस्रो बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको व्यहोरा |
|---|---|
| १ | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०५।०३ गते बसेको आ.व. २०८२/०८३ को दोस्रो बैठकको निर्णय कायान्वयन भएको पाइयो । |
| २ | नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं. २०८२/०८३ (बजेट) च.नं. ११८ मिति २०८२/०६/०७ को पत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको च.नं. ११३ मिति २०८२।०६।०८ को प्राप्त पत्रानुसार नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०८२।०६।०५ मा आयोजनाहरुको पुन: प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम गर्ने सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्ने/गराउने सन्दर्भमा अध्ययन विश्लेषण गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने ।<br>क) गाउँपालिकाको उपाध्यक्ष श्री सुभद्रा अधिकारी उप्रेती संयोजक<br>ख) वडा अध्यक्ष श्री नरहरि पाण्डे सदस्य<br>ग) वडा अध्यक्ष श्री सुमन भण्डारी सदस्य<br>घ) कार्यपालिका सदस्य श्री दिल कुमारी घले सदस्य<br>ङ) प्रशासन शाखा प्रमुख सचिव |
| ३ | देहायका कार्यक्रमहरुमा देहायका शीर्षकबाट संसोधन गरी रकम विनियोजन गर्ने । |

| साविक कार्यक्रमको नाम | विनियोजित बजेट रु | संसोधित कार्यक्रमको नाम | विनियोजित बजेट रु |
|---|---|---|---|
| पूजीगत अनुसन्धान तथा परामर्श | ३०,००,००० | अन्य मेशिनरी तथा उपकरण | ५००,००० |
| | | सूचना प्रविधि र कम्प्युटर सम्बन्धी उपकरण | १०,००,००० |
| | | इ.प्र.का. ढिकुरे र छहरे प्रहरी पोष्ट मार्फत सन्चालित सिसिटिभी मर्मत सुधार | १००,००० |
| | | २ नं. वडा कार्यालयमा सिसिटिभी, एसी जडान र १ नं. वडा कार्यालयमा एसी जडान | ३,००,००० |
| | | कार्यालयमा व्याकअप जडान | २,००,००० |
| साना पूर्वाधार आयोजना | ९९,६१,००० | सडक वत्ती तथा कार्यालयमा विजुली | ५,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | वत्ती मर्मत सुधार | |
| | | | | |

४ गत आ.व. २०८१/०८२ मा खरिद भई संबन्धित शीर्षकमा बजेट नभएको कारण भुक्तानी दिन बाँकी देहायको रकम देहायको शीर्षकबाट भुक्तानी दिने ।

| कार्यक्रमको नाम | भुक्तानी बाँकी रकम रु | भुक्तानी दिने फर्म | बजेट शीर्षक |
|---|---|---|---|
| मसलन्द सामाग्री खरिद | ७५,७५५ | रत्न स्टेशनरी एण्ड जनरल सप्लायर्स, विदुर | मसलन्द तथा कार्यालय सामाग्री |
| खानेपानी तथा सिंचाइ पाइप खरिद | ९३,८५३ | विग्स हार्डवयर एण्ड जनरल सप्लायर्स, लिखु ४ | खा.पा. तथा सिंचाइ पाइप खरिद |
| खानेपानी तथा सिंचाइ पाइप खरिद | १,४४,८६० | शिवम् इन्टरप्राइजेज, विदुर | खा.पा. तथा सिंचाइ पाइप खरिद |

५ लिखु गाउँपालिकाको (घ) वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७४ बमोजिम इमानुयल इन्जिनियरिङ एण्ड सप्लायर्स प्रा.लि. लाई इजाजत प्रदान गर्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने ।

६ चालु आ.व. २०८२/०८३ स्वास्थ्य तर्फ संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत ***म स्वस्थ : मेरो समुदाय स्वस्थ, घरटोलमा स्वास्थ्य प्रबर्धन कार्यक्रम*** सन्चालनका लागि जनस्वास्थ्य अधिकृत (अधिकृस्तर सातौं तह) करार सेवामा पदपूर्तिका लागि देहायको पदपूर्ति समिति गठन भई प्रकृया अगाडि बढाइएकोमा विशेष कारणवश परीक्षा कार्यक्रम स्थगित भएकोमा पदपूर्ति समिति मार्फत बाँकी प्रकृया अगाडि बढाउने ।

**पदपूर्ति समिति**

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक
ख) जिल्ला जनस्वास्थ्य कार्यालयको अधिकृत प्रतिनिधी — सदस्य
ग) स्वास्थ्य शाखा प्रमुख — सदस्य
घ) प्रशासन शाखा प्रमुख — सदस्य सचिव

७ लिखु गाउँपालिकाको गाइभैंसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०८२ सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने ।

८ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीहरु मध्ये भूमिहिन सुकुम्वासीहरुको अद्यावधिक विवरण सम्बन्धमा दावी विरोधको लागि ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने ।

९ स्थानीय सरोकार समिति, लिखु गाउँपालिका ६ नुवाकोटको मिति २०८२।०६।२१ को पत्र आजको बैठकमा पेश भयो । सो पत्रमा उल्लेखित स्थान लगायत लिखु गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरु अतिक्रमण भएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि देहायको समिति गठन गर्ने ।

क) संयोजक — वडा अध्यक्ष श्री सीताराम पुलामी मगर
ख) सदस्य — वडा अध्यक्ष श्री नरहरि पाण्डे
ग) सदस्य — वडा अध्यक्ष श्री प्रेम बहादुर थापामगर
घ) सदस्य — कार्यपालिका सदस्य श्री निकिशा राई
ङ) सदस्य सचिव अमिन श्री सन्जय बस्नेत

१० सितादेवी निर्माण सेवा प्रा.लि. चन्द्रगिरी नपा वडा नं १ लाई लिखु गाउँपालिका वडा नं १ मा ठाउँसारी गरिदिने ।